# 'अन्तिम सेलो' कवितामा बिम्बविधान

भोजराज श्रेष्ठ
अध्यापक - नेपाली
नेशनल बहुमुखी क्याम्पस धरान, सुनसरी
shrestha.bhojraj@gmail.com

Article History : Received - 27 April. 2026, Reviewed - 15 May 2026, Accepted - 20 June 2026
DOI : https://doi.org/10.3126/ss.v4i05.96271

**लेखसार**

प्रस्तुत अध्ययन इन्दु नेपाल योञ्जनको अन्तिम सेलो कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको बिम्बविधान समीक्ष्यमा आधारित छ । कवि इन्दु नेपाल योञ्जनले आफ्ना कवितामा विविध बिम्बको प्रयोग गरेका छन् । उनले आफ्ना कविताहरूमा विभिन्न विषयक्षेत्रका बिम्बहरूलाई प्रयोग गरेका छन् । बिम्बले कवितालाई लालीत्य तथा चित्रात्मक बनाउन भूमिका खेल्छ । उनले बिम्बात्मक अभिव्यक्तिमार्फत आफ्ना कवितालाई सुन्दर र काव्यिक बनाएका छन् । यस अध्ययनमा अन्तिम सेलो सङ्ग्रहलाई विश्लेष्य कृतिका रूपमा लिइएको छ र यो प्राथमिक सामग्रीका रूपमा रहेको छ । बिम्बका विषयमा लेखिएका लेख तथा पुस्तकहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन्। गुणात्मक प्रकृतिको यस अध्ययनमा व्याख्यात्मक तथा विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । विवेच्य कवितासङ्ग्रहमा कस्तो बिम्ब-योजना छ र यसमा केकस्ता बिम्बहरूको प्रयोग गरिएको छ भन्ने विषयलाई यस अध्ययनमा विश्लेषण गरिएको छ । कविता सङ्ग्रहमा सङ्कलित केही कविताहरूमा उनले विभिन्न प्रकारका बिम्बहरूको प्रयोग गरेको देखिन्छ । उनले कवितामा प्रयोग गरेका ती बिम्बहरू जीवन र जगत्का विविध विषयक्षेत्रहरूसँग सम्बन्धित छन् । कवि नेपालले नेपाली ग्रामीण पहाडी जीवनको सग्लो चित्र कोर्ने क्रममा कतिपय कवितामा पहाडी प्रकृति र दिनचर्यालाई बिम्बात्मक रूप दिएका छन् । यसैका आधारमा निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी:** पहिचान, प्रतीक, बिम्ब, बिम्बात्मक, संस्कृति ।

## विषय परिचय

इन्दु योञ्जन नेपाल (२०३९) मूलतः कवि हुन् । विभिन्न पत्रपत्रिकामा प्रकाशित उनका फुटकर कविताहरू र एकमात्र कविता सङ्ग्रहबाट उनी कविका रूपमा स्थापित छन् । उनका कविताले हृदयलाई छुन्छ । कवितामा ग्रामीण जनजीवन, पहिचान, अस्तित्व र पहाडी जनजीवन सग्लो रूपमा आएको छ । त्यसैले उनलाई युगद्रष्टा कवि हुन् । पहाडिया ग्रामीण जनजीवनलाई टपक्कै टिप्न सक्ने क्षमता बनाउनु उनको थप विशेषता हो । उनको कविताले हृदय र मस्तिष्कलाई एकसाथ स्पर्श गर्छन् । उनको कवितामा माटो, जाति, भाषा, संस्कृतिप्रति अगाध प्रेम अटाएको छ । उनले

आफ्ना कविताहरूमा बिम्बहरूलाई सुन्दर र आकर्षक ढङ्गले प्रस्तुत गरेका छन् । कतिपय स्थानमा नवीन बिम्बहरूको योजना छ । उनी आफूलाई कविताको फाँटमा यही कारण फरक छन् ।

समीक्ष्य कवितासङ्ग्रहमा कवि इन्दु योञ्जन नेपालले बिम्बहरूको सुन्दर ढङ्गले प्रयोग गरेका छन् । १०४ पृष्ठमा फैलिएको यस कृतिमा ४० वटा कविताहरू छन् । यी कविताहरूमा प्रेमप्रणय, ग्रामीण जनजीवन, सीमामा भएको अत्याचार, सीमापारिबाट बोल्ने धावा, अस्तित्वको चिन्ता, पहिचानको विषय, रोजगारी तथा राज्यप्रतिको आक्रोस, राजनीतिप्रतिको वितृष्णा, समाजमा देखिएका विकृति, विसङ्गतिलाई उजागर गरेका छन् । यी विविध भावहरू बिम्बमार्फत् प्रस्तुत गरेका छन् ।

लेखक रमेश केसी (२०८०) ले नागरिक दैनिक पत्रिकामा कवि योञ्जनका कवितामा सरल र सहज बिम्ब रहेको बताएका छन् । उनले कविता दुरुह नभएको, पारदर्शी भएको बताएका छन् । यस्तै कवि एवं लेखक पराजित पोमु (२०८०) ले नयाँ पत्रिका दैनिकमा कवि इन्दु योञ्जन नेपालले सुन्दर ढङ्गले बिम्बहरू प्रस्तुत गरेको उल्लेख गरेका छन् । कवि योञ्जनका कविताहरूमा फूललाई मानव बिम्बका रूपमा उभ्याएको लेखक पोमु खुलाउँछन् । उनले छोटो लेखमा पनि बिम्बको चर्चा गरेका छन् । यसरी नै साहित्य पोस्ट, इसेवारो डटकम, कोशीपत्र आदि विद्युतीय पत्रिकामा पनि परिचयात्मक लेखहरू साथै समीक्षाहरू प्रकाशनमा आएको पाइन्छ तर अनुसन्धानमूलक विश्लेषणात्मक लेख-समालोचनाको अभाव पाइन्छ । बिम्बविधानका दृष्टिले प्रस्तुत कृति महत्त्वपूर्ण भइकन पनि यसअघि गहन अध्ययन अनुसन्धान नभएकाले यो कृति चयन गरिएको हो र विश्लेषणका लागि बिम्बसम्बन्धी समालोचनाहरूलाई आधारभूमि बनाइएको छ । यसकृतिमा बिम्बविधानलाई के कस्तो रूपमा देखाइएको छ भन्ने मुख्य समस्या र यसको प्राज्ञिक समाधानमा केन्द्रित यस अध्ययनबाट बिम्बविधान र त्यसको विश्लेषण गर्ने ढाँचाका बारेमा जोकोही इच्छुक व्यक्तिलाई केही न केही आधार प्राप्त हुनेछ भन्ने विश्वास लिइएको छ ।

## विधि र सामग्री

कवि योञ्जनबाट रचित ‘अन्तिम सेलो’ कवितासङ्ग्रहमा विभिन्न समयमा लेखिएका फुटकर कविताहरू समेटेर कृति तयार पारेका छन् । यस कवितासङ्ग्रहमा ४० वटा कविताहरू सङ्ग्रहित छन् । यीमध्ये केही कविताहरूलाई प्राथमिक स्रोतको रूपमा प्रस्तुत गरिएको छ भने अध्ययनका सन्दर्भमा अपनाइएका सैद्धान्तिक प्रकृतिका सामग्री नै द्वितीयक स्रोतको रूपमा प्रयोग भएको छ । साथै पुस्तकालयलाई आधार बनाएर द्वितीयक स्रोत सामग्रीको सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीलाई आधार बनाएर अध्ययन तथा विश्लेषण गरिएको छ । प्राथमिक सामग्रीलाई केन्द्र बनाएर तिनको अध्ययन गरी विश्लेषण गर्दै निचोड निकालिएको छ । व्याख्यानका क्रममा कवि योञ्जनको ‘अन्तिम सेलो’ कविता कृतिलाई मूल स्रोत बनाई साक्ष्य प्रस्तुत गरिएको छ । अध्ययन तथा विश्लेषण गर्दा प्राथमिक मानक सामग्रीलाई पहिलो अनिवार्य सर्तमा राखिएको छ । गुणात्मक विधिका माध्यमबाट कृति विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

कविताको भाषा कथ्यभाषाभन्दा भिन्न हुन्छ । कथ्यभाषा बोलीचालीको भाषा हुन्छ भने कविताको भाषा लयात्मक र सघन हुन्छ । त्यसै कारण कविताको भाषा विशिष्ट र प्रभावकारी मानिन्छ । ललितरागात्मक हुनु कविताको

भाषाको वैशिष्ट्य हो । बिम्बले पनि कविको अभिव्यक्तिलाई सुन्दर र आकर्षक बनाउँछ । भाषालाई विशिष्ट र प्रभावकारी बनाउनकै लागि कविहरूले बिम्बको आड लिने हुन् । आफ्ना विचार वा भावलाई प्रभावकारी बनाउन कविहरूले विविध शैली र उपकरणहरूको सहयोग लिन्छन् । यिनै विभिन्न उपकरणहरूमध्ये बिम्ब पनि एक मानिन्छ । कुनै विषय, घटना वा प्रसङ्गप्रति आफ्नो भाव, धारणा वा दृष्टिकोणलाई प्रभावकारी र आकर्षक रूपमा प्रस्तुत गर्न कविहरूले बिम्बीय भाषाको प्रयोग गर्छन् । कविताको भाषालाई विशिष्ट र सुन्दर बनाउने थुप्रै उपकरणहरूमध्ये बिम्ब पनि एक महत्त्वपूर्ण अङ्ग हो ।

सामान्य अर्थमा बिम्ब भनेको छाया हो । अङ्ग्रेजीमा बिम्बलाई इमेज भनिएको छ । बिम्बको शाब्दिक अर्थ प्रतिच्छाया, प्रतिच्छवि, दर्पण, प्रतिबिम्ब भन्ने हुन्छन् । तर साहित्यमा बिम्बको अर्थ बेग्लै लाग्दछ । साहित्यमा काव्यबिम्बको रूपमा प्रयोग गरिन्छ । काव्यबिम्बलाई 'पोइटिक इमेज' भनी सम्बोधन गरिएको छ । त्यसआधारमा चित्रात्मक भाषाको रूपमा व्याख्या गरिन्छ । आफ्नो मानसपटलमा भएको चित्रलाई भाषाका माध्यमबाट प्रस्तुत गर्न कविले प्रयोग गर्ने शब्द वा शब्दसमूह नै बिम्ब हो । "भाषाका माध्यमबाट पाठकका मनमा कुनै दृश्य वा अनुभूतिको प्रभाव अङ्कन गर्नु नै बिम्बको उद्देश्य हो"-विद्रोही, २०७५ पृ.१५९) ।

नेपाली बृहत् शब्दकोशमा बिम्बको अर्थ यस्तो लेखिएको छ, "१. ऐना, पानी आदिमा देखिने छायाको रूप, छाया मण्डल, प्रतिबिम्ब, बिम्ब । ... ३. प्रतिमूर्ति, प्रतिमा । ४. कुनै कुराको आभाष वा झलक (पोखरेल २०७२, पृ. ११५९) ।"

साहित्यमा बिम्बको अर्थ शब्दकोशले दिएको भन्दा व्यापक छ । साहित्य, अझ कवितामा यसले फरक अर्थबोध गराउँछ । आधुनिक कवितामा भाषिक सौन्दर्य सिर्जना तथा पाठक वा स्रोतामा प्रभाव पार्नका लागि यसको विशेष महत्त्व छ । बिम्ब भनेको छाया हो । साहित्यमा यस्तो छाया शब्दका माध्यमबाट निर्माण गरिन्छ । बिम्बबारे विभिन्न विद्वान्ले आआफ्ना परिभाषा दिएका छन् । "बिम्ब भन्नाले मस्तिष्कमा पर्ने कुनै पनि वस्तुको छाया हो" (बराल र एटम, २०६६, पृ. ४१) । साहित्यमा यस्तो छाया भाषाका माध्यमबाट बसाइन्छ । त्यसले बिम्ब भनेको चित्रात्मक भाषा हो । शर्मा र लुइटेल (२०७२) ले पनि बिम्बबारे आफ्नो धारणा प्रस्तुत गरेका छन् । "बिम्बले साहित्यका कुनै अंशको आलङ्कारिक भाषा तथा इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु र गुणका सङ्केतक सम्पूर्ण शब्दहरूलाई जनाउँछ" (शर्मा र लुइटेल २०७२, पृ ३२७) । "यसले सादृश्यविधान, कुनै व्यक्ति वा वस्तुको आकृति र त्यससम्बन्धी  अवधारणा, त्यसको पुनर्निर्माण, मानसपटल, कल्पना वा स्मृतिमा उपस्थित चित्र वा प्रतिकृति तथा मानसिक चित्र, विचार एवम् मस्तिष्कमा आकृति पैदा गराउने अलङ्कारहरूलाई पनि जनाउँछ" भन्ने लुइटेल (२०६०, पृ. ११८) को धारणा छ ।

अङ्ग्रेजी साहित्यबाट भारतीय साहित्य हुँदै बिम्ब शब्द नेपाली साहित्यमा भित्रिएको पाइन्छ । बिम्बको अवधारणा मूलतः पश्चिमको देन हो । त्रिपाठी (२०६५, पृ. ८१) ले 'अनेक आन्दोलन र अभियानका चापमा हुर्किएको बीसौँ शताब्दीको साहित्यिक सृजना र समालोचनाका इतिहासमा बिम्बवाद पनि एकताक प्रचलित हो' भनेका छन् । पूर्वीय आचार्यहरूले यस विषयमा खासै चर्चा परिचर्चा गरेको पाइँदैन । अङ्ग्रेजी साहित्यमा बिम्ब (इमेज) को चर्चा एडिसन कालमै भए पनि यसलाई शास्त्रीय रूप दिने पहिलो प्रयास बीसौँ शताब्दीको प्रारम्भिक दशकमा भएको हो (सिंह ? पृ. ९) । सन् १९०८ मा प्रारम्भ एको साहित्यिक आन्दोलनका नेता टी.ई हुल्मे र एफ.एस. फुलिन्टठले सन् १९१३ मा 'बिम्बवाद' शीर्षकमा लेखेको आलोचनात्मक टिप्पणीका प्रमुख स्थापनालाई सिंहले निम्न बुँदाहरूमा उल्लेख गरेका छन् ।

राजेश विद्रोही (२०७८) ले 'अब्राम्स र हार्फम (सन् २०१८, पृ. १७३)' को उल्लेख गर्दै बिम्बवादलाई लगभग सन् १९१२ र १९१७ को बीमा इङ्ल्यान्डमा मौलाएको र अमेरिकामा अझ बढी तीव्रताका साथ फैलिएको काव्यपरम्पराका रूपमा उल्लेख गरेका छन् । कवितामा स्वच्छन्दावादी भावुकतापूर्ण शैलीविरुद्ध टी.ई हुल्मेले अगाडि सारेको काव्यिक सिद्धान्तको आंशिक प्रभावमा यो अभियान थालिएको थियो । विद्रोही (२०७८) ले लन्डनमा बस्ने अङ्ग्रेज र अमेरिकी लेखकहरूको एउटा समूहले यस अभियानको थालनी ग¥यो (अब्राम्स र हार्फम, सन् २०१८, पृ. १७३) भनेका छन् ।

माथिका छलफलहरूबाट बिम्बलाई सहज रूपमा मानसिक रूपमा उत्पन्न हुने चित्रलाई जनाउने प्रष्ट पार्दछ । जसलाई मानसिक चित्र वा दृश्यको रूपमा बुझ्न सकिन्छ । बिम्ब दृश्यमा मात्रै सीमित नभई यसको सम्बन्ध इन्द्रियसँग हुन्छ । इन्द्रियसंवेद्य भावहरूलाई मूर्त रूपमा प्रस्तुत गर्न बिम्बको साहार लिने गरिन्छ । बिम्बहरूको सामूहिक रूप वा समूहलाई बिम्बविधान भन्ने गरिन्छ । प्रस्तुत अध्ययनमा बिम्बविधानसँग सम्बन्धित "प्रेम गर्छु", "प्रिय थेवा", "कोक्सा", "कान्छा आखे", "साक्षी", "अंशवण्डा", "बाटो" गरी सातवटा प्रतिनिधि कवितामार्फत् कवितासङ्ग्रहको अध्ययन गरिएको छ ।

## नतिजा र छलफल

कवि योञ्जनद्वारा रचित कविताहरूको सङ्ग्रह अन्तिम सेलो बिम्बपरक कविता कृति हो । १०४ पृष्ठमा फैलिएको यस सङ्ग्रहमा "प्रेम गर्छु", "प्रिय थेवा", "कोक्सा", "कान्छा आखे", "साक्षी", "अंशवण्डा", "बाटो" आदि गरी ४० वटा कविता सङ्ग्रहीत छन् । यस कवितामा जीवनका विविध पक्षलाई उजागर गरिएको छ । पहाडीया ग्रामीण जनजीवन, पहिचान, अस्तित्व, राजनीतिमा देखिएको कुशासन, त्यसबाट युवामा जन्मिएको आक्रोस आदि कुरालाई बिम्बमार्फत प्रस्तुत गरिएको छ । जीवनका हर्ष, खुसी, आशा-निराशा, सुख-दुख, प्रेम-विछोड, घात-प्रतिघात, माया-घृणामार्फत पनि बिम्बलाई प्रस्तुत गरिएको छ । यी आधारमै उनका कविताहरूमा बिम्बको सुन्दर प्रयोग गरिएको छ । कवितामा बिम्बका दृष्टिले निम्नलिखित विशेषता पाइन्छन्ः

### नादबिम्ब

ध्वनिसँग सम्बन्धित बिम्बहरूलाई नादबिम्ब भनिन्छ । कर्णसंवैद एन्द्रियिक बिम्बहरूलाई नादबिम्ब भनिन्छ (गौतम, २०६०) । यो संवेदनात्मक बिम्बअन्गर्तत पर्दछ । यस्ता बिम्बमा कुनै ध्वनिको अनुकरणलाई प्रयोग गरिन्छ । विवेच्य कवितामा पनि कवि योञ्जनले यसरी बिम्बलाई प्रस्तुत गरेका छन्ः

मकैको कलिला पात हल्याउँदै
जरिबुट्टेमाथि चौरी गोठमा (योञ्जन, २०८०, पृ. २३)

उपर्युक्त कवितांशमा मकैका कलिला पात हल्लाउनु जस्ता विषयले नादबिम्बको सिर्जना गरेका छन् । यी भावबिम्बहरूले ग्रामीण प्राकृतिक वातावरणलाई पनि सङ्केत गरेको छ । वसन्त ऋतुहरूमा हावाको स्पर्शबाट मकैका कलिला पातहरू हल्लाउँदा आउने आवाजले थपडीसँग सादृश्य गरिएको छ । यस्ता दृश्यहरूले गाउँले तथा पहाडिया जनजीवनलाई जीवन्त बनाएको छ । यस्तै नादबिम्ब प्रयोग गरी सिर्जना गरिएको अर्को कवितांश हेरौंः

अलैंचीका बुटाहरूसँग सुस्केरा लगाउँदै

सेलो र हाक्पारेहरूमा मनग्यै मुस्कुराउँदै (योञ्जन, २०८० पृ. ५०)।

प्रस्तुत कवितांशमा बतासको स्पर्शका कारण अलैँचीका बुटाहरूमा साङ्गीतिक धुन निस्कनु नादबिम्ब सिर्जना भएको उल्लेख गरिएको छ । यी भावहरूले ग्राम्य समाजमा हुने साङ्गीतिक माहौललाई पुनर्ताजगी गराएको छ । यहाँ अलैँचीका बुटाहरूलाई साङ्गीतिक बाद्यवादनसँग सादृश्य गरिएको छ । यस्तै सेलो र हाक्पारेहरूलाई मुस्कानसँग सादृश्य गरिएको छ । यसले गाउँले जनजीवनलाई प्रस्तुत गरेको छ । विशेष गरी पहाडिया जनजीवनमा यस्ता सेलो र हाक्पारेले खुसीको बिम्बको रूपमा सादृश्य गरिएको छ । यसले पनि पहाडे जनजीवनलाई थप जीवन्त बनाउने काम गरेको छ ।

**प्राकृतिक बिम्ब**

प्राकृतिक सौन्दर्यको चित्रण गर्नेक्रममा काव्यमा प्राकृतिक बिम्बको सिर्जना हुन्छ । 'मानवनिरपेक्ष सौन्दर्यसत्ताका रूपमा प्रकृतिलाई अवलोकन गरी त्यसैलाई माध्यम बनाएर काव्यमा सौन्दर्य भर्दा प्राकृतिक बिम्बको उपस्थिति हुन्छ (गौतम, २०६० पृ. १३७) ।' पाठकको हृदयमा प्रभाव पार्नका लागि काव्यमा प्रकृति जगत्को बिम्बमय चित्रण गरिएको हुन्छ । यसैलाई काव्यमा प्राकृतिक बिम्ब भनिन्छ । यसै क्रममा कवि योञ्जनले पनि अस्वभाविक रूपमै भए पनि प्राकृतिक बिम्ब सिर्जना गर्न पुगेका छन् ।

**फूलहरू**

लाखौँ-लाख बगिरहेका छन्
के सबै गन्तव्यमा पुगे ?
के सबै अर्थपूर्ण भए ? (योञ्जन, २०८० पृ. ६१) ।

उपर्युक्त कवितांशमा प्रयोग भएको फूलहरूलाई मानवको बिम्बको रूपमा प्रस्तुत गरिएको छ । मानव मूल्यको कुनै औचित्य नभएको र उनीहरू विगतदेखि वर्तमानसम्म नै बगिरहेको सन्दर्भमा सादृश्य गर्न खोजिएको छ । सबै मानवले गन्तव्यमा पुग्ने अवस्था सिर्जना भयो त ? भन्ने प्रश्न गरेर फूललाई मानवको बिम्ब निर्माण गरिएको छ । यसले प्रकृतिसँग नजिक गराएको छ । प्राकृतिक बिम्ब प्रयोग गरिएको अन्य कवितांश हेरौँः

सबै देखेर
बाटो चुपचाप भएको देख्छु
हावाहरू चुपचाप देख्छु (योञ्जन, २०८० पृ. ६७) ।

प्रस्तुत कवितांशमा प्रयोग भएको बाटो चुपचाप भएको देख्छु भन्ने अंशले सुनसान, सन्नाटा छाएको, चुपचाप बसेको अवस्थालाई सादृश्य गरेको छ । हावाहरू चुपचाप भएको दृश्यले सबैतिर सन्नाटा छाएको, अँध्यारोको सङ्केत गरेको छ । रातको समयमा मात्रै बाटो चुपचाप हुन्छ । होहल्लाविहीनतालाई बुझाउनका लागि बाटो चुपचाप भनी कविले प्राकृतिक विम्बलाई आयोजना गरेका छन् । यस्तै हावाहरू चुपचाप हुनु भनेको पनि सन्नाटाको सङ्केत हो । यस्ता प्राकृतिक दृश्यले सहरी कोलाहलमय वातावरणको परिदृश्यलाई उतार्नु प्राकृतिक बिम्बको वैशिष्ट्य हो ।

**छायात्मक बिम्ब**

छायात्मक बिम्बले कुनै वस्तुको छायात्मक र अस्पष्ट भावको सङ्केत गर्दछ। गौतम (२०६०) ले "अस्पष्ट, छायात्मक, धूमिल आकृतिपरक र बिम्बप्रतिबिम्ब भाव देखिनु छायात्मक बिम्बको सामान्य अभिलक्षण हो" भनेका छन्। योञ्जनका कविताहरूमा पनि छायात्मक बिम्बको सुन्दर प्रयोग गरेका छन्।

एउटा मोड यस्तो आयो
सबै कुरा बराबर भाग भए
एकलौटी गर्ने मनोविज्ञान
तर सबैमा चरम देखिए।
आँगन टुक्रा पार्न मन भएकाहरू
काख र कोख चाहिँ सिङ्गै
फाल्न र पन्छाउन खोजिरहेका देखिए। (योञ्जन, २०८० पृ. ६२)

उपर्युक्त कवितांशमा 'आँगन टुक्रा पार्न मन भएकाहरू' प्रसङ्ग छायात्मक बिम्बको राम्रो उदारहण हो। प्रस्तुत बिम्बको माध्यमबाट कविले अंशबण्डा र देश टुक्र्याउन खोज्नेहरूको सन्दर्भमा सादृश्य गरिएको छ। सबै कुरा बराबर देख्नेहरू तर आँगनलाई टुक्रा पारेर आनन्द लिन खोज्ने प्रवृत्तिप्रति व्यङ्ग्य गर्न बिम्बको प्रयोग गरिएको छ। बिम्बले हाम्रो मानवीय प्रवृत्ति, विकृति र विसङ्गतिलाई उजागर गरेको छ। मानवीय प्रवृत्तिलाई उजागर गर्नु कवितांशको मुख्य उद्देश्य हो। अहिलेको आम प्रवृत्तिलाई बिम्बमार्फत आँगन टुक्रा पार्न मन भएकाहरू भनी दृश्यात्मक गरिएको छ। उनले यो अंशमार्फत छायात्मक बिम्बलाई सफलतापूर्वक प्रयोग गरेका छन्। यस्ता बिम्बको प्रयोगले कवितालाई हार्दिक र सुरम्य बनाएको छ।

**सरल बिम्ब**

काव्यहरूमा यस्ता बिम्बहरूको प्रयोग अधिक हुने गरेको छ। यस्ता बिम्बहरू जटिल हुँदैनन् र कविताको भावलाई पनि बोधगम्य बनाउँछ। सरल बिम्ब आफैमा स्वतन्त्र हुन्छ। "मुक्त र स्वतन्त्र रूपमा प्रयुक्त बिम्ब नै सरल बिम्ब हुन् (गौतम, २०६० पृ. ३०)।" कवि योञ्जनले पनि यस्ता सरल बिम्बको शृङ्खला नै बनाउन सफल छन्। उनले प्रशस्त रूपमा प्रयोग गरेका छन्। सरल बिम्बहरू प्रयुक्त कविताको भाव पनि बोधगम्य हुन्छ। हेरौँ एउटा कवितांशः

एक हुल
बकुल्ला, गिद्ध, स्याल
र ब्वाँसाहरू
परर ताली पिट्दै
घुटुक्क थुक निल्छन् (योञ्जन, २०८०, पृ. ५४)।

प्रस्तुत कवितांशमा 'एक हुल बकुल्ला, गिद्ध, स्याल र ब्वाँसाहरू' सरल बिम्बको नमूना हो। नेपालको राजनीतिबाट अभ्यस्त भएका नेपालीहरूले बकुल्ला, गिद्ध, स्याल र ब्वाँसाको हुललाई नेताको बिम्बको रूपमा बुझ्छन्। यहाँ सोही अर्थमा प्रस्तुत गरिएको छ। जनतालाई ताली पिट्ने सन्दर्भमा उनीहरूले फेरि पनि जनतालाई ढाँटिरहेका छन्

भन्ने सादृश्य गर्न खोजिएको छ । प्रस्तुत बिम्बले भावलाई बोधगम्य बनाएको छ । बिम्ब जटिल नभएको हुँदा यसको प्रयोगबाट कविताको भाव सहजै बुझ्न सकिन्छ । जटिल बिम्बको प्रयोगले कविता दुर्बोध्य र क्लिस्ट बन्न पुग्छ । सरल तथा सरहज बिम्बले कवितालाई बोधगम्य मात्रै बनाउँदैन । सहजसंवेद्य पनि बनाउँछ ।

## निष्कर्ष

यस आधारमा कवि योञ्जनको 'अन्तिम सेलो' मा बिम्बहरूको सुन्दर संयोजन गरिएको छ भन्न सकिन्छ । प्रस्तुत कवितामा विविध बिम्बहरूको सुन्दर संयोजनबाट ग्रामीण जीवन, प्रकृति र जनजीवनमा गुन्जिने ध्वनिस्पर्शलाई जीवन्त बनाइएको छ । कवि योञ्जनले बिम्बहरूको सुन्दर संयोजन गरी कवितालाई भावपूर्ण र बोधगम्य साथै सुन्दर बनाएका छन् । प्रस्तुत कवितामा भाव अभिव्यक्तिका लागि बिम्बहरूको उत्कृष्ट संयोजन गरिएको छ । बहुल बिम्बको प्रयोग गर्नु कवि योञ्जनको विशेषता हो । उनले प्रयोग गरेका बिम्बले प्रकृति र मानवको सम्बन्धलाई विभिन्न रूपमा प्रस्तुत गरेको छ । मानवीय संवेदना र अस्तित्वबोधलाई गहिरो बनाएको छ । छायात्मक बिम्बले समाजमा फैलिएका अस्पष्ट मनोवृत्ति, विकृति र मानवीय दुर्बलतालाई प्रतीकात्मक ढङ्गले उजागर गरेको छ ।

यसरी हेर्दा कवि योञ्जनले बिम्बहरूको कलात्मक र बहुआयामी प्रयोगमार्फत आफ्ना कवितालाई संवेदनशील, अर्थपूर्ण र प्रभावपूर्ण बनाएका छन् । विविध बिम्बहरूको संयोजनले उनका काव्य-चित्रहरूलाई जीवन्तता, सौन्दर्य र अनुभूतिगत गहिराइ प्रदान गरेको छ । परिणामतः योञ्जनका कवितामा बिम्बप्रयोग केवल भाषिक सजावट नभई भाव-अनुभूतिलाई मूर्तरूप दिने प्रमुख कलात्मक साधनका रूपमा उभिएको छ । त्यसकारण कविताको अर्थ सम्प्रेष्य र प्रभावकारी बनेको छ । बिम्बहरूको सफल आयोजनाका कारण कविता सम्प्रेष्य, सहजसंवेद्य बनेको अध्ययनको निष्कर्ष छ ।

## सन्दर्भसामग्री

केसी, रमेश (२०८०, आश्विन ५), अन्तिम सेलोको पदचाप, https://nagariknews. nagariknetwork. com/arts/1301681-1695441305.html

गौतम, लक्ष्मणप्रसाद (२०६०), समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण, साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६५), पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १, (पा.सं.), साझा प्रकाशन ।

पराजित, पोमु (२०८०, मङ्सिर ९), सिमान्तको आवाज बोल्ने 'अन्तिम सेलो', https://jhannaya. nayapatrikadaily.com/news-details/2264/2023-11-25

पोखरेल, बालकृष्ण (२०७७), नेपाली बृहत् शब्दकोश, (दशौँ सं.) (स. मण्डल), नेपाल प्रज्ञा प्रतिष्ठान ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), उपन्यास सिद्धान्त र नेपाली उपन्यास (ते.सं.), साझा प्रकाशन ।

विद्रोही, राजेश (२०७५), "समकालीन नेपाली कवितामा जनजातीय सांस्कृतिक बिम्ब", दृष्टिकोण (८), महेन्द्र बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

विद्रोही, राजेश (२०७८), "आमाको कविताः २ कवितामा बिम्बविधान", दृष्टिकोण (११), महेन्द्र बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०७२), पूर्वीय र पाश्चात्य साहित्यसिद्धान्त (चौ.सं.), विद्यार्थी पुस्तक भण्डार

सिंह, केदारनाथ (?), आधुनिक हिन्दी कविता मे बिम्बविधान, भारतीय ज्ञानपीठ प्रकाशन ।